नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

# मनसुन आपतकालिन कार्ययोजना - २०७८

यस जल तथा मौसम विज्ञान विभागले आगामी मनसुन-२०७८ मा जल तथा मौसम जन्य प्रकोप बाट जनधनको क्षति न्युनिकरण गर्न तयारी गरेको कार्ययोजना निम्नानुसार बुंदागतरुपमा उल्लेख गरिएको छ।

१) सरोकारवालाहरुलाई मौसम पूर्वानुमान, चेतावनि, पूर्वसूचना तथा जानकारिका प्रदान गर्न लागि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा अवस्थित मौसम पूर्वानुमान महाशाखाको मौसम कक्ष (Met briefing room) विगतमा जस्तै २४ सै घण्टा सेवामा रहनेछ।

२) तीन दिन (७२ घण्टा) सम्मको मौसम पूर्वानुमान, चेतावनि तथा परामर्श लगायतका विवरणहरु समेटेर नियमित रुपमा विहान ६ बजे र बेलुका ६ बजे दैनिक बुलेटिन अपडेट गरिनेछ। मौसमको विशेष अवस्थामा चेतावनि सहितको आकस्मिक मौसम बुलेटिन जारि हुनेछ। आवश्यकता अनुसार बिग्रदो मौसमको अवस्थाबारेको पूर्वसूचना समेत जारि गरिनेछ।

३) देशका बाढी प्रभावित बिभिन्न नदी नालाहरुको बाढी अनुगमन तथा पुर्वानुमान गर्न, हिमताल विष्फोट वा अन्यकारणले उत्पन हुन सक्ने बाढी समेतको लागि पूर्वसूचना प्रबाह गर्न यस विभाग अन्तर्गतको बाढी पूर्वानुमान महाशाखा अन्तगर्तको पूर्वानुमान शाखा मनसुनको अवधिभर २४ सै घण्टा सूचारु गरिनेछ।

**४) बाढी पूर्वानुमान वा पूर्वसुचना सेवा हाल कोभिड महामारीको परिस्थिति वा संवेदनाशीललाई मध्यनजर गरि विभिन्न बैकल्पिक माध्यम र प्रबिधिको उपायहरु अवलम्बन गरि भौतिक रुपमा वा Online प्रणाली मार्फतबाट २४ सै घण्टा सूचारु गरिनेछ।**

५) देशका मुख्य नदीहरू कोसी, गण्डकी, कर्णाली, बागमती, बबई र पश्चिम राप्ति लगायतको बाढी पूर्वानुमान ३ दिन अगावै गर्ने गरी विकास गरिएको कम्प्युटर मोडेलको प्रयोग, अन्य नदीको हकमा ग्लोवल मोडेल प्रयोग गरी बाढी पूर्वानुमान गर्ने र मुख्य सरोकारवाला वीच जानकारी गराउने कार्यलाई यस बर्ष पनि निरन्तरता दिईनेछ। बाढी प्रभावित समुदायलाई मास एस.एम.एस. पठाउने कार्य रियल टाईम तथ्याङ्कको आधारमा गरिनेछ।

६) मनसुनको समय भरी हरेक दिन बिहान ७ बजे बाढीको पुर्वानुमान बुलेटिन जारी गरिनेछ। पुर्वानुमानको मान्यावधि कम्तिमा २४ घण्टा सम्मको लागि हुनेछ। विशेष अवस्थामा दिन वा रातको कुनै पनि समयमा बुलेटिन जारी हुनेछ।

७) पुर्वसूचना प्रवाह:

- बाढी र मौसम पूर्वानुमान बुलेटिन जारी गरिसके पश्चात पहिलो जानकारी गृह मन्त्रालय- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रलाई गराइनेछ।
- जारी भएको बाढी बुलेटिन तत्कालै यस विभागको आधिकारिक वेभसाइट: www.hydrology.gov.np मा राखिनेछ र मौसम बुलेटिन www.mfd.gov.np मा राखिने छ।
- तत्कालै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाले सुचिकृत गरेका सबै मन्त्रालय तथा विभाग साथै रेडक्रस लगायत अन्य विपदको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुका विपद संपर्क व्यक्तिहरुलाई इमेल मार्फत बुलेटिन पठाइनेछ।
- जारी भएको बाढी बुलेटिन यस विभागको आधिकारिक Twitter Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) र Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा राखिनेछ।
- त्यसैगरि मौसम बुलेटिन आधिकारिक Twitter Page: Nepal Weather Forecast र Facebook page: Meteorological Forecasting Division मा समेत अपडेट गरिनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरुलाई मोवाइलमा निशुल्क एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोलफ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिनेछ।
- मौसम पूर्वानुमानको हकमा सर्वसाधारण लगायतका लागि सम्पर्क टेलिफोन ०१-४११३१९१ र ०१-४४८६८६९ २४ सै घण्टा खुल्ला राखिनेछ।
- अत्यन्तै विषम प्रकृतिको बाढी तथा मौसमको पुर्वानुमान भएको खण्डमा प्रेष विज्ञप्ति समेत जारी गरिनेछ।
- बाढी र मौसमको बुलेटिन सबै सञ्चारका माध्यमहरुलाई नियमित रुपमा प्रदान गरिनेछ।
- देशभर फैलिएको कोरोनाको महामारीलाई मध्यनजर गरि भिडभाड नगर्न र नगराउन मिडियासंग को अन्तर्वार्तालाई online मार्फत मात्र गरिनेछ।

उप-महानिर्देशक    महानिर्देशक

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

# मनसुन आपतकालिन कार्ययोजना - २०७८

| सि नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | उपलब्ध स्रोत, साधन, जनशक्ति, प्रदेश एवं जिल्ला | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **तीन दिन (७२ घण्टा) सम्मको मौसमको पूर्वानुमान**<br>बिहान ६ बजे र बेलुका ६ बजे बुलेटिन दैनिक रुपमा अपडेट गरिनेछ । विषम अवस्थामा जुनकुनै बेला बुलेटिन जारी हुनेछ । मौसमको विशेष अवस्थामा चेतावनि सहितको आकस्मिक मौसम वुलेटिन जारि हुनेछ। आवश्यकता अनुसार विग्रदो मौसमको अवस्थाबारेको पूर्वसूचना समेत जारि गरिनेछ। | जल तथा मोसम विज्ञान विभाग-मौसम पूर्वानुमान महाशाखा | | ३ दिन सम्मको | | आकस्मिक मौसम बुलेटिन र मौसम पूर्वसूचना जुनसुकेवेला पनि जारि गरिनेछ |
| २ | **तीन दिन (७२ घण्टा) सम्मको बाढीको पूर्वानुमान**<br>बाढीको पुर्वानुमान तथा पूर्वसूचना बुलेटिन दैनिक रुपमा बिहान ७ बजे अपडेट गरिनेछ। विषम अवस्थामा जुनकुनै बेला बुलेटिन जारी हुनेछ । | जल तथा मोसम विज्ञान विभाग-बाढी पूर्वानुमान महाशाखा (बाढी पूर्वानुमान शाखा) | | ३ दिन सम्मको | | ठुला नदीहरुमा ३ दिन र साना नदीहरुमा १ दिन सम्मको पूर्वानुमान गरिनेछ |
| ३ | **बाढी तथा मौसम पूर्वसूचना प्रवाह:**<br>• बाढी तथा मौसम बुलेटिन जारी गरिसके पश्चात पहिलो जानकारी गृह मन्त्रालय- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्रलाई गराइनेछ।<br>• जारी भएको बुलेटिन तत्काले यस विभागको आधिकारिक वेभसाइट: www.hydrology.gov.np र www.mfd.gov.np मा राखिनेछ।<br>• तत्काले गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालय-विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाले सुचिकृत गरेका सवै मन्त्रालय तथा विभाग साथै रेडक्रस लगायत अन्य विपदको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुका विपद संपर्क व्यक्तिहरुलाई इमेल मार्फत बुलेटिन पठाइनेछ।<br>• जारी भएको बाढी बुलेटिन यस विभागको आधिकारिक Twitter Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) र Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा राखिनेछ तथा मौसम बुलेटिन Twitter Page: Nepal Weather Forecast र Facebook page: Meteorological Forecasting Division मा राखिने छ।<br>• बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।<br>• देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोलफ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिनेछ।<br>• मौसम पूर्वानुमानको हकमा सर्वसाधारण लगायतका लागि सम्पर्क टेलिफोन ०१-४११३१९१ र ०१-४४८६८६९ २४ सै घण्टा खुल्ला राखिनेछ।<br>• अत्यन्तै विषम प्रकृतिको बाढी तथा मौसमको पुर्वानुमान भएको खण्डमा प्रेष विज्ञप्ति समेत जारी गरिनेछ।<br>• बाढी र मौसम बुलेटिन सवै सञ्चारका माध्यमहरुलाई नियमित रुपमा प्रदान गरिनेछ।<br>• **देशभर फैलिएको कोरोनाको महामारीलाई मध्यनजर गरि भिडभाड नगर्न र नगराउन मिडियासंग को अन्तर्वार्तालाई online मार्फत मात्र गरिनेछ ।** | जल तथा मोसम विज्ञान विभाग-बाढी पूर्वानुमान शाखा तथा मौसम पूर्वानुमान महाशाखा | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल टेलिकम, एनसेल, मिडिया लगायत | पुर्वानुमान तथा पूर्वसूचना बुलेटिन जारी भएको आधा घण्टा भित्र संपुर्ण सरोकारवालाहरु तथा सर्वसाधारणहरुमा प्रवाह भैसक्ने छ | | ठुला नदीहरुमा ३ दिन र साना नदीहरुमा १ दिन सम्मको पूर्वानुमान गरिनेछ । आकस्मिक आउने बाढी जस्तै हिमताल विष्फोट जस्ता घट्नामा तत्काल सूचना प्रबाह गरिनेछ। |

उप-महानिर्देशक
महानिर्देशक